# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, जेठ ०१ गते, २०८२ साल (सङ्ख्या ०२

## भाग २

### गण्डकी प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

### गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२

गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १३ को प्रयोजनको लागि दफा २२१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले "गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६" सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय वा सेवा कार्यालयहरुलाई सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ङ) "प्रहरी कार्यालय" भन्नाले जिल्ला प्रहरी कार्यालय, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय समेतलाई सम्झनु पर्छ।

(च) "बीमा" भन्नाले नेपाल बीमा प्राधिकरणबाट स्वीकृति प्राप्त बीमक कम्पनीहरुसँग सवारी, सवारी चालक र यात्रुको सुरक्षाका लागि गरिएको द्विपक्षीय सम्झौता सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको सवारी तथा यातायात क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "राईड सेयरिङ सवारी" भन्नाले अनलाइन प्रणालीको प्रयोग गरी राईड सेयरिङ सेवा सञ्चालन गर्न यात्रुवाहक सवारीको रुपमा यातायात कार्यालयबाट इजाजत प्राप्त दुईपाङ्ग्रे र चारपाङ्ग्रे निजी तथा सार्वजनिक सवारी साधन सम्झनु पर्छ।

(झ) "राईड सेयरिङ सेवा" भन्नाले अनलाइन प्रणालीको प्रयोग गरी दुईपाङ्ग्रे र चारपाङ्ग्रे सवारी साधन मार्फत यात्रु ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(ञ) “सवारी चालक” भन्नाले कानून बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ट) “सूचना प्रणाली” भन्नाले मन्त्रालय वा कार्यालयले सञ्चालन गरेको यातायात व्यवस्थापन सूचना प्रणालीलाई सम्झनु पर्छ।

(ठ) “सेल्फ ड्राइभ” भन्नाले दुईपाङ्ग्रे वा चारपाङ्ग्रे सवारी साधनलाई तोकिएको सेवा शुल्क लिई स्वदेशी वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सवारी चालक अनुमतिपत्र भएको सेवाग्राही आफैंले सवारी साधन चलाउने गरि सवारी साधन भाडामा लगाउने कार्य सम्झनु पर्छ।

(ड) “सेवा दर्ता” भन्नाले राईड सेयरिङ तथा सेल्फ ड्राइभ सेवा सञ्चालन गर्नको लागि अनुमति प्राप्त गर्ने कार्यलाई सम्झनु पर्छ।

(ढ) “सेवा प्रदायक” भन्नाले राईड सेयरिङको रुपमा सञ्चालन हुने सवारीहरुलाई आबद्धता गरी आफ्नै अनलाइन प्रणाली (एप्लिकेशन) मार्फत सेवा उपलब्ध गराउन प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनीलाई सम्झनु पर्छ।

३. **सेवा दर्ता र नवीकरण गर्नु पर्नेः** (१) राईड सेयरिङ वा सेल्फ ड्राईभ सेवा सञ्चालन गर्न इच्छुक कम्पनी वा संस्थाले कार्यालयबाट सेवा दर्ता इजाजतपत्र लिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सेवा दर्ता गर्नका लागि निम्न बमोजिमका कागजात सहित अनुसूची -१ को ढाँचामा निवेदन पेस गर्नु पर्नेछः-

(क) सवारी साधनको विवरण र सवारी चालकको विवरण,

(ख) कम्पनी वा संस्था दर्ता प्रमाणपत्र,

(ग) कम्पनी वा संस्था नवीकरणको प्रमाणपत्र,

(घ) कम्पनी वा संस्थाको मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाणपत्र,

(च) सेवा प्रवाह गर्न चाहेको क्षेत्र र सवारी सङ्ख्याको विवरण सहित संस्थाको आधिकारिक निर्णय,

(छ) कार्यालयबाट जारी हुने सवारी जाँचपास प्रमाणपत्र,

(ज) सवारी साधनको चालु आर्थिक वर्षको सवारी कर र नवीकरण तिरेको विवरण,

(झ) नियम ७ बमोजिमको एपको व्यवस्था ।

(३) राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवा दर्ता गर्न इच्छुक कम्पनी वा संस्थाले अनुसूची - १ बमोजिमको निवेदन तथा आवश्यक कागजात र अनुसूची - २ मा तोके बमोजिमको शुल्क बुझाएको प्रमाण पेश गरेमा कार्यालयले यस नियमावलीमा तोकेको प्रक्रिया पूरा गरी सेवा प्रदायक दर्ता गरी अनुसूची - ३ बमोजिमको इजाजत पत्र दिन सक्नेछ।

(४) सेवा सञ्चालन गर्न यस नियमावलीमा तोके बमोजिमका दर्ता शुल्क, नवीकरण शुल्क, सेवा शुल्क सम्बन्धित कार्यालयले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ।

(५) यस नियमावली बमोजिम ईजाजतपत्र लिएको कम्पनी वा संस्थाले सवारी साधन तथा सवारी चालक सहितको अद्यावधिक विवरण प्रत्येक वर्षको असोज मसान्तसम्ममा देहायका विवरण सहित कार्यालयमा पेस गरी सेवा नवीकरण गर्नु पर्नेछः-

(क) सवारी साधनको विवरण र सवारी चालकको अद्यावधिक विवरण,

(ख) कम्पनी वा संस्था नवीकरण वा अद्यावधिक भएको प्रमाणपत्र,

(ग) करचुक्ता प्रमाणपत्र,

(घ) सवारी साधनको चालु आर्थिक वर्षको सवारी कर र नवीकरण शुल्क तिरेको विवरण,

(ङ) कार्यालयबाट जारी हुने सवारी जाँचपास प्रमाणपत्र।

(६) यस नियमावली लागु हुनु पूर्व प्रचलित कानून बमोजिम दर्ता भई राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवा सञ्चालन गरिरहेका वा आफ्नै एप मार्फत यातायात सेवा सञ्चालन गरिरहेका सेवा प्रदायकले समेत यो नियमावली प्रारम्भ भएको मितिले ३० दिनभित्र अनिवार्य रुपमा दर्ता भई सेवा सञ्चालन गर्नु पर्नेछ।

(७) यस नियमावली बमोजिम ईजाजत पत्र नलिई राईड सेयरिङ वा सेल्फड्राईभ सेवा सञ्चालन गरेमा त्यस्तो सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई प्रचलित अन्य कानूनमा व्यवस्था भएको बाहेक यस नियमावली बमोजिम पहिलो पटकको लागि एक लाख रुपैयाँ जरिवाना ट्राफिक प्रहरी कार्यालय मार्फत् कार्यालयमा दाखिला गर्नु पर्नेछ। सो कार्य दोहोऱ्याएमा दोब्बर जरिवाना लिईनेछ।

(८) यस नियममा अन्यत्र जुनसुकै लेखिएको भए तापनि राईड सेयरिङ सेवाको रुपमा ईजाजत प्राप्त गर्न कम्तीमा बीस सवारी साधन आबद्ध भएको हुनुपर्ने तथा सेल्फ ड्राईभको हकमा कम्तीमा पाँच सवारी साधन आबद्ध भएको हुनु पर्नेछ।

४. **सवारी दर्ता प्रमाणपत्रः** नियम ३ बमोजिम सेवा प्रदायकमा दर्ता भए पश्चात् कार्यालयले यस नियमावलीमा तोके बमोजिमको शुल्क लिई अभिलेख राखी सेवा प्रवाह गर्ने सवारी साधनको सवारी दर्ता प्रमाण पत्रमा एक वर्षको लागि राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवा प्रदान गर्ने निस्सा प्रदान गर्नुपर्नेछ।

५. **पञ्जीकृत भई अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेः** (१) यातायात सेवा प्रदान गर्न चाहने सेवा प्रदायकले सम्बन्धित कार्यालयमा पञ्जीकृत भई यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेछ।

(२) राईड सेयरिङ सेवा सञ्चालन गर्ने कम्पनी वा संस्थाले आफ्नै निजी सवारी साधनहरु मार्फत सेवा सञ्चालन गर्न चाहेमा सेवा पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त गर्न सक्नेछ।

६. **राईड सेयरिङ एप मार्फत सेवा सञ्चालन गर्नुपर्नेः** (१) सेवा प्रदायकले आफ्नै राईड सेयरिङ एप मार्फत सेवा सञ्चालन गर्नु पर्नेछ।

(२) कुनै यात्रीले एप प्रयोग गर्न नसक्ने अवस्था भई त्यस्तो यात्रीलाई सेवा दिनु परेमा सम्बन्धित चालकले त्यस्तो यात्रीको आवश्यक विवरण एपमा प्रविष्टि गरेर मात्र सेवा दिनु पर्नेछ।

७. **सेवा प्रदायकको विद्युतीय प्रणालीमा हुनु पर्ने विशेषताहरुः** यातायात सेवा सञ्चालनका लागि सम्बन्धित सूचना प्रविधि प्रणालीमा देहायका विशेषताहरु हुनु पर्नेछः-

(क) स्वीकृति प्राप्त साइबर सेक्युरिटि फर्म वा कम्पनीबाट एपको सुरक्षा तथा ग्राहकको तथ्याङ्कको गोपनियता सम्बन्धमा भल्नेराविलिटी एण्ड पेनिट्रेसन टेस्ट एण्ड आईटी सेक्युरिटी अडिट (Vulnerability and Penetration test & IT security Audit) गरेको प्रमाणपत्र,

(ख) नेपाली र अङ्ग्रेजी दुवै भाषामा बुझ्न र प्रयोग गर्न सकिने यात्रीको विवरण,

(ग) सेवा सञ्चालनका क्रममा सिर्जित तथ्याङ्क तथा विवरणहरुको भण्डारण गर्ने गरी नेपालमै सञ्चालन भएको सर्भर,

(घ) यात्रीले आफूले यात्रा सुरु गर्न चाहेको प्रस्थान विन्दु तथा गन्तव्य सम्बन्धी विवरण प्रविष्टि गरे पश्चात् उपलब्ध हुन सक्ने सवारी तथा चालक, यात्रा दुरी र लाग्ने भाडा सम्बन्धी विवरण पारदर्शी रुपमा देखिने व्यवस्था,

(ङ) सवारी तथा सवारी चालकको फोटो सहितको स्पष्ट विवरण देखिने व्यवस्था,

(च) सेवा प्रदायक र स्वीकृत सवारीको चालकसँग यात्रीले सोझै सम्पर्क गर्न सक्ने सुविधा,

(छ) यात्राको क्रममा यात्रुले आफ्नो अवस्थिति, यात्रा गरिरहेको बाटो सम्बन्धमा प्रत्यक्ष विवरणहरु वास्तविक समयमा आधारित रही आफ्नो दूरसञ्चार उपकरण मार्फत अरु कसैसँग साझेदारी गर्न मिल्ने सुविधा,

(ज) यात्राको क्रममा यात्रुलाई असुरक्षित महसुस भएको अवस्थामा आफ्नो अवस्थिति, यात्रा गरिरहेको बाटो, यात्रा गरिरहेको सवारी साधन र चालकको प्रत्यक्ष विवरणहरु वास्तविक समयमा आधारित रही यात्रुले एपमा उल्लेख

गरेको व्यक्ति, सुरक्षा निकाय र सेवा प्रदायकको प्रणालीमा सुरक्षा सतर्कता जनाउन मिल्ने सुविधा,

(झ) सम्बन्धित यात्रीले आफूले पछिल्लो न्यूनतम नब्बे दिनसम्म गरेका यात्राका प्रस्थान तथा गन्तव्य, सवारी साधन नम्वर, सवारी चालकको नाम र सम्पर्क नम्वर, बाटो, दुरी र भुक्तानी गरेको भाडा सम्बन्धमा एपबाट विवरणहरु हेर्न सक्ने गरी प्रणालीमा प्रबन्ध भएको,

(ञ) तथ्याङ्क तथा विवरण सिर्जना भएको मितिबाट कम्तीमा छ महिनासम्म उपलब्ध हुने गरी प्रणालीमा सुरक्षित राख्ने व्यवस्था,

(ट) राईड सेयरिङ सेवा सञ्चालन सम्बन्धी सामान्य कार्यविधि, सेवा प्रदायकबाट यात्रुलाई प्राप्त हुने छुट तथा अन्य प्रोत्साहन रकम सम्बन्धी जानकारी,

(ठ) सेवा प्रदायक, मुख्य सञ्चालकहरुको पूरा नाम तथा ठेगाना, सम्पर्क नम्बर र इमेल विवरण,

(ड) सेवा प्रदायकले सञ्चालनमा रहेका आफ्ना सवारीको अवस्थिति, गति तथा बाटोको सम्बन्धमा ट्र्याकिङ्ग प्रणाली मार्फत निरन्तर अनुगमन गरी चालकलाई वास्तविक समयमा सचेत गराउन चालकको दूरसञ्चार उपकरण मार्फत सन्देश पठाउने व्यवस्था,

(ढ) सेवा प्रदायकले विद्युतीय सूचना प्रणालीमा यात्रीबाट सेवा मूल्याङ्कन गराउनका लागि आवश्यक फारामको व्यवस्था,

(ण) सेवा प्रदायकको सवारी तथा यातायात सेवा उपयोग गर्ने प्रत्येक यात्रीले चाहेमा विद्युतीय प्रणालीमा भएको खण्ड (ढ) अनुसारको मूल्याङ्कन फाराम मार्फत आफूले गरेको यात्राको बारेमा सेवाको गुणस्तर, सवारीको अवस्था तथा चालकको व्यवहार सम्बन्धमा अङ्क दिई मूल्याङ्कन गर्ने व्यवस्था ।

८. **<u>विवरण उपलब्ध गराउन नहुने</u>:** सेवा प्रदायक र चालकले सेवाको क्रममा सङ्कलित यात्रीका व्यक्तिगत विवरणहरु सम्बन्धित यात्री वा सेवाग्राहीको लिखित मञ्जुरी विना अन्य कुनै पक्षलाई उपलब्ध गराउनु हुँदैन।

तर, नेपाल सरकार वा प्रदेश सरकारसँग सम्बन्धित निकायबाट कानून बमोजिम माग भएको अवस्थामा सेवा प्रदायकले माग भए अनुसार प्रणालीमा रहेको तथ्याङ्क तथा विवरण तत्काल उपलब्ध गराउनु पर्नेछ।

९. **<u>सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधन र सवारी चालक</u>:** (१) सेवा प्रदायकले राईड सेयरिङ सेवामा आबद्ध सवारी साधन र सवारी चालकबाट मात्र सेवा सञ्चालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राईड सेयरिङ सेवामा आबद्ध भएका सवारी साधन वा सवारी चालक सेवा प्रदायकबाट अलग भएमा तुरुन्त हटाई सोको जानकारी सात दिन भित्र कार्यालयलाई दिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम राईड सेयरिङ सेवामा नयाँ सवारी साधन वा सवारी चालक आबद्ध भएमा सम्बन्धित सेवा प्रदायकले त्यसको विवरण सात दिन भित्र सम्बन्धित कार्यालयमा पेस गर्नु पर्नेछ ।

(४) उपनियम (१) अनुसार राईड सेयरिङ सेवामा आबद्ध भएका सवारी साधन वा सवारी चालकबाट सेवा प्रदायकले प्रणालीमा एक पटक आबद्ध हुन दुईपाङ्ग्रे सवारी साधनको हकमा बढीमा पाँच सय रुपैयाँ र चारपाङ्ग्रे सवारी साधनको हकमा दुई हजार रुपैयाँ रकम लिन सक्नेछन्।

तर, वार्षिक नवीकरण शुल्कको रुपमा कुनै पनि रकम लिन पाउने छैन।

१०. **<u>प्रयोग हुने सवारी साधनको मापदण्ड</u>:** (१) राईड सेयरिङ सेवाको रुपमा प्रयोग हुने सवारी साधनहरुले देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) दुईपाङ्ग्रे सवारी साधनको हकमाः-

(१) पेट्रोल वा विद्युतीय शक्तिबाट चल्ने,

(२) पेट्रोलियम इन्जिनको विस्थापन आयतन पन्चानब्बे सी.सी.सम्म भएको,

(३) विद्युतीय शक्तिको हकमा कम्तीमा १.५ किलोवाट क्षमता भएको,

(४) सवारी दर्ता प्रमाणपत्र र सवारी चालक अनुमतिपत्र अद्यावधिक भएको,

(५) सवारी साधनको सञ्चालन अवधि दश वर्षभन्दा कम रहेको,

तर, विद्युतीय सवारी भएमा पन्ध्र वर्षसम्म पूराना सवारी साधनहरु प्रयोग गर्न बाधा पर्ने छैन ।

(ख) चारपाङ्ग्रे सवारी साधनको हकमाः-

(१) पेट्रोल, डिजेल, विद्युतीय शक्ति वा अन्य शक्तिबाट चल्ने,

(२) पेट्रोलियम गाडीको हकमा इन्जिनको विस्थापन आयतन कम्तीमा ७९० सी.सी. भएको,

तर, ट्याक्सी सेवा प्रदान गर्ने गरी कार्यालयबाट अनुमति प्राप्त सवारी साधनको हकमा ७९० सी.सी. भन्दा कम भएमा समेत दर्ता गर्न बाधा पर्ने छैन।

(३) म्यानुअल वा अटोमेटेड वा दुवै ट्रान्समिसन प्रणाली भएको,

(४) विद्युतीय शक्तिबाट सञ्चालन हुने सवारी साधनको हकमा कम्तीमा बीस किलोवाट क्षमता भएको,

(५) पेट्रोलियम सवारी साधनको हकमा सवारी प्रदूषण परीक्षणमा सफल भएको,

(६) सवारी दर्ता प्रमाण पत्र र सवारी चालक अनुमतिपत्र अद्यावधिक भएको,

(७) सवारी साधनको सञ्चालन अवधि पन्ध्र वर्षभन्दा कम रहेको,

तर, विद्युतीय सवारी भएमा
बीस वर्षसम्म पूराना सवारी साधनहरु
प्रयोग गर्न बाधा पर्ने छैन ।

(२) राईड सेयरिङ तथा सेल्फ ड्राईभिङ सेवामा प्रवेश सञ्चालन गर्नका लागि सवारी साधन गण्डकी प्रदेशमा नै अनिवार्य दर्ता भएको हुनुपर्नेछ।

(३) राईड सेयरिङ सेवा र सेल्फ ड्राइभ सेवामा सञ्चालन हुने सवारी साधनको जाँचपास तथा प्रदूषण परीक्षण सम्बन्धी कार्यविधि सार्वजनिक सवारी साधनको लागि तोकिए अनुसार लागु हुनेछ ।

११. **क्षेत्राधिकार र सवारी संख्याः** (१) सेवा प्रदायक कम्पनीको सेवा सञ्चालन गर्ने क्षेत्र र सवारी सङ्ख्या दर्ता प्रमाणपत्रमा तोके बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको क्षेत्र र सवारी सङ्ख्यामा हेरफेर गर्न परेमा प्रति सवारी पाँच सय रुपैयाँ शुल्क दाखिला गरी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कार्यालयले त्यस्तो विवरण हेरफेर गरी नयाँ दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

१२. **सवारीको दुरी र सुरक्षाः** (१) दुईपाङग्रे सवारी साधनले कुनै यात्रीलाई सेवा दिदा सवारीले बाटो इजाजत पाएको सञ्चालन क्षेत्र भित्र एक पटकमा प्रस्थान बिन्दु देखि गन्तव्य बिन्दु सम्म बढीमा बीस कि.मि.को दुरीसम्म सेवा दिन पाउनेछ। सो दुरी भन्दा बढी दुरीका लागि सेवा खोज्न वा प्राप्त गर्न नसकिने गरी एपमै व्यवस्था भएको हुनु पर्नेछ।

(२) दुईपाङग्रे सवारी साधनले दश वर्ष उमेर नपुगेका बालबालिका वा असी वर्ष पुगेका बृद्ध बृद्धालाई सवारीमा यात्रीको रुपमा चढाई सेवा दिन पाईने छैन।

(३) सवारी चालक अनुमतिपत्र प्राप्त गरी कम्तीमा अठार वर्ष उमेर नपुगेको र एक वर्षको परीक्षणकाल पूरा नगरेको व्यक्ति राईड सेयरिङ सेवामा सवारी चालकको रुपमा काम गर्न योग्य हुने छैन।

(४) राईड सेयरिङमा प्रयोग हुने सवारी साधनको गति सिमित हुनुपर्नेछ। शहरी क्षेत्रमा अधिकतम चालिस कि.मी.प्रति घण्टा भन्दा बढी हुनु हुँदैन।

(५) दुईपाङ्ग्रे सवारी साधनमा यात्रा गर्ने यात्रुले अनिवार्य रुपमा हेलमेट लगाउनु पर्नेछ। सेवा प्रदायकले गुणस्तरीय हेलमेटको व्यवस्था गर्नुपर्नेछ।

१३. **सुरक्षाको प्रत्याभूतिः** (१) राईड सेयरिङ सेवाबाट सञ्चालन भएका कम्पनी वा संस्थाले सञ्चालन गरेको Online Application मा आबद्ध भएका चालकले सुरक्षित र मर्यादित ढङ्गले सेवाग्राहीलाई सेवा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको चालकले सेवाग्राहीलाई अभद्र व्यवहार गर्ने कार्य गरेमा वा गर्ने मनसाय राखेमा उक्त चालक र सेवा प्रदायक समेतलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(३) राईड सेयरिङ सेवा प्रदायकसँग सेवाग्राहीले कुनै चालकको सम्बन्धमा गुनासो वा उजुरी गर्नु परेमा सिधै कम्पनीको हटलाईन नम्बरमा सम्पर्क गर्न मिल्ने व्यवस्था गर्नु पर्नेछ।

(४) सम्बन्धित कार्यालय वा अन्य सुरक्षासँग सम्बन्धित निकायले चालकको तीनपुस्ते विवरण, स्थायी ठेगाना, सम्पर्क नम्बर र अन्य विवरण माग गरेमा सेवा प्रदायकले त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ ।

१४. **अधिकतम कार्य समयः** (१) राईड सेयरिङ सेवामा आबद्ध हुने कुनै सवारी चालकले एक दिनको अवधिमा पटक पटक वा एकै पटक गरी बाह्र घण्टा भन्दा बढी समय काम गर्न पाउने छैन।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनका लागि "एक दिनको अवधि" भन्नाले मध्य राति बाह्र बजे देखि अर्को मध्य रातको बाह्र बजेसम्मको समयावधिलाई मानिनेछ।

(२) उपनियम (१) बमोजिमको कार्य समय चालकले एपमा पहिलो पटक प्रवेश (लग इन) गरेको समय देखि गणना हुनेछ र चालक प्रणालीमा आबद्ध (लग इन) रहेको सम्पूर्ण अवधिलाई कार्य समयमा गणना गरिनेछ।

तर, लगआउट गरी कार्य नगरेको समयलाई गणना गरिने छैन।

(३) कुनै दिन उपनियम (१) बमोजिमको अधिकतम कार्य समय बराबर काम गरिसकेको चालक सो दिनको बाँकी अवधिभर प्रणालीमा प्रवेश गर्न नसक्ने गरी स्वतः एपबाट बाहिर (लग आउट) हुने व्यवस्था एपमा हुनु पर्नेछ।

बाह्र घण्टा भन्दा बढी समय सवारी साधन चल्ने गरी सवारी साधन बुक गर्न नमिल्ने व्यवस्था मिलाउनु पर्नेछ।

१५. **<u>अभिमुखीकरण तथा पूनर्ताजगी तालिमः</u>** (१) सेवा प्रदायकले नयाँ सवारी चालकलाई काममा लगाउनुपूर्व सेवा प्रदायक कम्पनीको नीति तथा कार्य पद्दति, सवारी तथा यातायात सम्बन्धी आवश्यक नियमहरु, प्रयोगमा आउने सवारीको प्राविधिक विवरण, सडक सुरक्षा, यात्रीसँग गर्नुपर्ने व्यवहार तथा एपको प्रयोगका बारेमा कम्तीमा दुई दिनको अभिमुखीकरण तालिम दिई सोको प्रमाणपत्र दिनु पर्नेछ।

(२) प्रत्येक चार महिनाको अवधिमा यात्रीबाट प्राप्त मूल्याङ्कनमा पूर्णाङ्कको पचास प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने चालकलाई र प्रत्येक एक वर्षमा सबै चालकलाई सेवा प्रदायकले गुणस्तरीय तथा सुरक्षित यातायात सेवाको सम्बन्धमा कम्तीमा एक दिनको पूनर्ताजगी तालिम दिनु पर्नेछ ।

१६. **<u>चालक परिचयपत्रः</u>** (१) सेवा प्रदायकले आफ्ना प्रत्येक सवारी चालकको लागि सेवा प्रदायकको नाम तथा ठेगाना र सवारी चालकको नामथर, ठेगाना, सम्पर्क फोन नम्बर, नागरिकता प्रमाणपत्र नम्बर तथा जारी भएको जिल्ला, रक्त समूह र परिचयपत्र वहाल रहने अवधि उल्लेख गरिएको फोटो सहितको परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ।

(२) सवारी चालकले यातायात सेवामा काम गर्दा प्रष्ट रुपमा देखिने गरी उपनियम (१) बमोजिम जारी भएको परिचयपत्र लगाउनु पर्नेछ ।

१७. **<u>गुनासो तथा उजुरी व्यवस्थापनः</u>** (१) फोन, इमेल वा एप मार्फत प्राप्त हुने जिज्ञासा तथा गुनासो सम्बोधन गर्नका लागि सेवा प्रदायकले चौबिसै घण्टा खुल्ने गरी सहायता तथा गुनासो व्यवस्थापन केन्द्र सञ्चालन गर्नु पर्नेछ। सोको जानकारी नियमित रुपमा मन्त्रालय तथा कार्यालयमा दिनु पर्नेछ।

(२) यात्राको अवधि, चालक वा सवारीको अवस्था सम्बन्धी गुनासो वा उजुरी भएमा सम्बन्धित यात्रीले यात्रा अवधिमै वा यात्रा समाप्त भएको चौबिस घण्टा भित्र कुनै माध्यमबाट सहायता तथा गुनासो व्यवस्थापन केन्द्रमा गुनासो वा उजुरी दर्ता गराउनु पर्नेछ र सम्बन्धित सेवा प्रदायकले प्राप्त गुनासो वा उजुरी उपर आवश्यक कारबाही गरी बढीमा तीन दिन भित्र सम्बन्धित यात्रीलाई एप, फोन वा इमेल मार्फत जानकारी गराउनु पर्नेछ ।

(३) कुनै चालकले मादक पदार्थ वा लागुपदार्थ सेवन गरी सवारी चलाएको, यात्रीसँग दुर्व्यवहार गरेको वा गलत मनसाय राखी यात्रीलाई हानि नोक्सानी हुने कुनै कार्य गरेको अवस्थामा सम्बन्धित यात्री वा त्यस्तो कुरा देखी जान्ने कुनै पनि व्यक्तिले प्रहरी कार्यालय वा सहायता कक्षमा उजुरी दिन सक्नेछ। त्यस्तो उजुरी प्राप्त भएको अवस्थामा सम्बन्धित सेवा प्रदायकले सो उजुरी उपरको कारवाही अन्तिम किनारा नलागेसम्म चालकलाई आफ्नो प्रणालीबाट तुरुन्त निलम्बन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको कसूर गरेको प्रमाणित भएमा सम्बन्धित चालकलाई पहिलो पटकका लागि तीन महिनासम्म, दोस्रो पटकका लागि छ महिनासम्म र तेस्रो पटकबाट सधैंका लागि सेवा प्रदान गर्न नपाउने गरी सेवा प्रदायकले प्रणालीमा निलम्बन गर्नुपर्नेछ। अन्य कसूरजन्य कार्यको हकमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(५) फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तानी गरी लगत कट्टा नगरेको सवारी चालकलाई कुनै पनि सेवा प्रदायकले प्रणालीमा आबद्ध गर्न पाइने छैन।

(६) यात्राको क्रममा कुनै यात्रीले चालकसँग दुर्व्यवहार गरेमा वा नियतवश चालकलाई हानि नोक्सानी हुने कुनै कार्य गरेमा सम्बन्धित चालकले सहायता कक्ष तथा प्रहरीमा उजुरी गर्न सक्नेछ ।

(७) कुनै यात्री वा सेवाग्राहीले नियतवश चालकलाई गम्भीर प्रकृतिको हानि नोक्सानी पुऱ्याएको वा पटक पटक चालकसँग दुर्व्यवहार गरेको प्रमाणित भएमा सम्बन्धित सेवा प्रदायकले त्यस्तो यात्रीलाई आफ्नो सेवा प्रयोग गर्न नपाउने गरी बन्देज लगाउन सक्नेछ। साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(८) राईड सेयरिङ सेवा र सेल्फ ड्राइभ सेवामा आबद्ध सवारी चालकले सेवाग्राहीलाई अनावश्यक फोन गरी दुख दिएमा त्यस्तो सवारीलाई एपबाट हटाउनु पर्नेछ र सवारी चालकलाई प्रचलित कानून बमोजिम सजाय समेत हुनेछ ।

१८. **<u>बीमा र सामाजिक सुरक्षाको व्यवस्था:</u>** (१) राईड सेयरिङ सेवा प्रदान गर्ने कम्पनी वा संस्थाले प्रत्येक सवारीको हकमा ऐन तथा नियममा व्यवस्था भए अनुसारको सवारी बीमा, चालक तथा यात्री बिमा र तेस्रो पक्ष बीमा गराएको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिएको बीमा कुनै चालक वा सवारी एउटा राईड सेयरिङ सेवा प्रदान गर्ने कम्पनी वा संस्था छाडी अर्को राईड सेयरिङ सेवा प्रदान गर्ने कम्पनी वा संस्था आबद्ध भएमा समेत मान्य हुनेछ। यसको लागि सेवा प्रदायकले चालकसँग थप शुल्क लिन पाउने छैन ।

(३) राईड सेयरिङ सेवा प्रदान गर्ने चालक अनिवार्य रुपमा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनु पर्नेछ । सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने जिम्मेवारी सेवा प्रदायकको हुनेछ ।

१९. **<u>भाडा तथा शुल्क निर्धारण:</u>** (१) यातायात सेवाको आधार भाडादर मन्त्रालयले तोके बमोजिम हुनेछ । मन्त्रालयले भाडादर तोक्दा साधारण ट्याक्सीलाई तोकिएको भाडादरलाई आधार दर मानी उक्त दरमा नबढ्ने गरी तोक्नु पर्नेछ।

(२) राईड सेयरिङ एप प्रयोग गरे वापत सेवाप्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट प्रति कारोबार उल्लेख भएको रकमको बढीमा बाह्र प्रतिशत सेवा शुल्क लिन सक्नेछन।

(३) सेवाप्रदायक कम्पनीले सवारी धनी वा सवारी चालकबाट प्रति कारोबार उल्लेख भएको रकमको एक प्रतिशत रकम लिई प्रदेश सरकारको कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) सेवा प्रदायक कम्पनीले अनुसूची - ४ अनुसार प्रति सवारी साधन वार्षिक सेवा शुल्क तिर्नु पर्नेछ।

(५) सेवा प्रदायकले आफ्नो आयका सम्बन्धमा सङ्घीय कानून बमोजिम आयकर र मूल्य अभिवृद्धि कर अनिवार्य रुपमा सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।

(६) राईड सेयरिङ सेवामा आबद्ध सवारी साधनको नवीकरण शुल्क आर्थिक ऐनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र सो ऐनमा व्यवस्था नभएको खण्डमा अनुसूची - ५ बमोजिम हुनेछ ।

(७) उपनियम (१) बमोजिम भाडा निर्धारण गर्दा निर्धारित यात्रा सुरु हुनु अघिको सम्भावित निष्क्रिय दुरी वा प्रतिक्षा समयलाई समेत परिपूर्ति गर्नका लागि जतिसुकै कम दुरीको यात्रा भए पनि दुई कि.मी. बराबरको न्यूनतम आधार भाडा आकर्षित हुने गरी निर्धारण गर्नुपर्छ।

(८) भाडाको भुक्तानी नगद वा विद्युतीय माध्यमबाट हुन सक्नेछ ।

(९) सेल्फ ड्राईभको हकमा दश सिट भन्दा बढी क्षमता भएका चारपाङ्ग्रे सवारी साधनले नेपाल सरकारले तोके बमोजिम विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति समेतलाई भाडामा छुट दिनु पर्नेछ।

(१०) राईड सेयरिङ सेवा दिने कम्पनीले तोकेको शुल्क भन्दा बढी सेवा शुल्क लिएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(११) राईड सेयरिङ सेवा दिने सवारी साधन अनिवार्य रुपमा अनलाइन प्रणालीमा आबद्धता भई सञ्चालन हुनु पर्नेछ। अफलाइनमा सञ्चालन गरेको पाइएमा प्रत्येक पटकका लागि दुईपाङ्ग्रे सवारी साधनको हकमा चार हजार रुपैयाँ र चारपाङ्ग्रे सवारी साधनको हकमा दश हजार रुपैयाँ जरिवाना ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाउनु पर्नेछ।

२०. **<u>प्रयोजन थप नगरी सवारी साधन सञ्चालन गर्न नहुने:</u>** (१) दुईपाङग्रे र चारपाङग्रे सवारी साधन राईड सेयरिङमा आबद्ध हुन चाहेमा सम्बन्धित सेवा प्रदायक मार्फत कार्यालयमा तोकिएको शुल्क तिरी राईड सेयरिङ सेवा गर्ने प्रयोजन थप गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सवारी साधन धनीको सवारी दर्ता किताबमा राईड सेयरिङ सेवा दिने प्रयोजन थप गरे पछि कम्तीमा छ महिना अवधि व्यतित नभई सेवाको प्रयोजन परिवर्तन गर्न पाईने छैन।

(३) उपनियम (१) बमोजिमको प्रयोजन थप भएको सवारी साधनको स्वामित्व हेरफेर भएमा जुनसुकै बखत त्यस्तो प्रयोजन रद्द गर्न सकिनेछ।

(४) राईड सेयरिङमा आबद्ध भएका सवारी साधनहरु कम्पनी वा संस्थाबाट अलग हुन चाहेमा कम्पनी वा संस्थाको सिफारिसमा कार्यालयले थप भएको प्रयोजन हटाउन सक्नेछ।

(५) राईड सेयरिङ सेवामा आबद्ध सवारी साधनले कुनै एक कम्पनी वा फर्मको राईड सेयरिङ सेवामा आबद्ध हुन कम्पनीको नियमानुसार हुनेछ।

तर, सेवा प्रदायक कम्पनीले नियमानुसार बुझाउनु पर्ने शुल्क कार्यालयमा बुझाउनु पर्नेछ।

२१. **सेल्फ ड्राइभ सम्बन्धी व्यवस्थाः** (१) कुनै सेवा प्रदायकले दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधन मार्फत् सेल्फ ड्राइभ सेवा सञ्चालन गर्न चाहेमा अनुसूची - १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) सेवा प्रदायकको दर्ता र नवीकरण शुल्क अनुसूची - २ बमोजिम हुनेछ।

(३) सेल्फ ड्राइभ सम्बन्धी सेवा प्रदायक दर्ता र नवीकरण गर्दा नियम ३ को उपनियम (२) को खण्ड (झ) बाहेकका अन्य कागजात पेश गर्नुपर्नेछ, कार्यालयले तोकिएको प्रक्रिया पूरा गरी सेवा प्रदायक दर्ता गरी अनुसूची - ३ बमोजिमको इजाजतपत्र दिन सक्नेछ ।

(४) सेल्फ ड्राइभ सेवाको भाडा प्रतिदिनको हिसाबले लिनु पर्नेछ। भाडा मन्त्रालयले तोकेको भन्दा बढी लिन पाइने छैन।

(५) सेल्फ ड्राइभमा सञ्चालन हुने सवारी साधनमा यात्रु बीमा, सवारी साधन बीमा र तेस्रो पक्ष बीमा अनिवार्य रुपमा गरेको हुनु पर्नेछ।

(६) सेल्फ ड्राइभ सेवा सञ्चालन गर्ने सेवा प्रदायकले आफ्नो सवारी साधनबाट मात्र सेवा सञ्चालन गर्नु पर्नेछ।

(७) सेल्फ ड्राइभ सेवामा आबद्ध हुन अनुसूची - २ बमोजिमको शुल्क लिई आवश्यक प्रक्रिया पूरा गरेपछि अभिलेख राखी एक वर्षका लागि दर्ता तथा नवीकरण गरी कार्यालयले सवारी दर्ता प्रमाण पत्रमा सेल्फ ड्राइभको निस्सा प्रदान गर्नु पर्नेछ।

(८) सेवा प्रदायक कम्पनीले अनुसूची - ४ अनुसार प्रति सवारी साधन वार्षिक सेवा शुल्क तिर्नु पर्नेछ।

(९) सेल्फ ड्राइभ सेवामा आबद्ध सवारी साधनको नवीकरण शुल्क आर्थिक ऐनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम र सो ऐनमा व्यवस्था नभएको खण्डमा अनुसूची - ५ बमोजिम हुनेछ ।

(१०) सेल्फ ड्राइभ सञ्चालन गर्ने सेवा प्रदायकले प्रत्येक सवारी साधनलाई जि.पि.एस. ट्रयाकिङ गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(११) सेल्फ ड्राइभ सेवा प्रदायकले कार्यालयको स्वीकृति विना सवारी साधन भाडामा लगाएको पाइएमा दुईपाङ्ग्रे सवारी साधनको हकमा पाँच हजार रुपैया र चारपाङ्ग्रे सवारी साधनको हकमा दश हजार रुपैयाँ जरीवाना ट्राफिक कार्यालयको सिफारिसमा कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(१२) सेल्फ ड्राइभ सेवा प्रदायकले अनुसूची - ६ बमोजिमको फारममा विवरण भरी अभिलेख राख्नु पर्नेछ र सेल्फ ड्राइभ गर्ने व्यक्तिले सो फारमको एक प्रति लिई यात्रा गर्नु पर्नेछ।

२२. **सङ्केत राख्नु पर्ने**: राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवामा आबद्ध सवारी साधनले सेवा प्रदायकको स्पष्ट पहिचान खुल्ने गरी अनुसूची - ७ बमोजिमको डिजिटल बोर्ड वा सङ्केत चिन्ह राख्नु पर्नेछ ।

२३. **इजाजतपत्र खारेज**: सेवा प्रदायकले प्रचलित कानून प्रतिकूल हुने गरी काम कारबाही गरेको पाइएमा कार्यालयले राईड सेयरिङ वा सेल्फ ड्राइभ सेवा सञ्चालनमा प्रतिबन्ध वा दर्ता खारेज गर्न सक्नेछ।

२४. **अनुगमन तथा मूल्याङ्कन**: (१) यस नियमावलीको कार्यान्वयनको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्न देहायबमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - संयोजक |
| (ख) | प्रतिनिधि(उपसचिवस्तर), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | कार्यालय प्रमुख, सम्बन्धित कार्यालय | - सदस्य |
| (घ) | प्रमुख, सम्बन्धित जिल्ला ट्राफिक प्रहरी कार्यालय | - सदस्य |
| (ङ) | उपभोक्ता हितसँग सम्बन्धित संस्था हरुमध्ये मन्त्रालयले मनोनीत गरेको एक जना प्रतिनिधि | - सदस्य |
| (च) | मन्त्रालयले मनोनीत गरेको सूचना प्रविधि सम्बन्धी विषय विज्ञ प्रतिनिधि एकजना | -सदस्य |

(छ) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठित समितिले आवश्यकता अनुसार अनुमगन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (ङ) बमोजिमको मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **<u>दण्ड, सजाय र जरिवाना सम्बन्धी व्यवस्था:</u>** (१) यस नियमावली बमोजिम सञ्चालन हुने सेवा प्रदायक तथा सवारी साधन प्रयोगकर्ताले ऐन विपरीतको कार्य गरेमा ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम दण्ड, सजाय र जरिवाना हुनेछ ।

(२) कसैले यस नियमावली बमोजिम राईड सेयरिङ वा सेल्फड्राईभ सेवा प्रयोजन थप नगरी सो सेवा सञ्चालन गरेको पाइएमा पहिलो पटकका लागि दुईपाङग्रे सवारी साधनको हकमा पाँच हजार रुपैयाँ र चारपाङ्ग्रे सवारी साधनको हकमा दश हजार रुपैयाँ दोस्रो पटक देखि सो को दोब्बर जरिवाना हुनेछ।

(३) उपनियम (२) बमोजिमको जरिवाना ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

२६. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** मन्त्रालयले अनुसूची - २, अनुसूची - ४ र अनुसूची - ५ बाहेकका अन्य अनुसूचीहरु प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

अनुसूची -१

(नियम ३ को उपनियम (२) तथा नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः.......................

श्री कार्यालय प्रमुखज्यू

यातायात व्यवस्था कार्यालय.......

गण्डकी प्रदेश।

विषयः सेवाको ईजाजतपत्र पाउँ।

प्रस्तुत विषयमा गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ को नियम ३ बमोजिम राईडसेयरिङ/सेल्फ ड्राइभ सेवा सञ्चालन गर्नका लागि इच्छुक रहेकोले सोही नियमको उपनियम (३) बमोजिमका आवश्यक कागजात र प्रमाण संलग्न राखी सेवा ईजाजतपत्रका लागि निवेदन पेस गर्दछु।

सेवा प्रदायकको नामः

ठेगानाः

आधिकारीक दस्तखतः

सेवा प्रदायकको छापः

अनुसूची -२

(नियम ३ को उपनियम (३) तथा नियम २१ को उपनियम (२) सँग सम्बन्धित)

**राईड सेयरिङ, सेल्फ ड्राइभ सेवा दिने संस्थाको अनुमति र नवीकरण शुल्क**

| क.सं. | सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम | अनुमति शुल्क | नवीकरण शुल्क (प्रतिवर्ष) |
|---|---|---|---|
| १. | दुईपाङ्ग्रे मात्र | रु. २५,०००।- | रु. १२,५००।- |
| २. | चारपाङ्ग्रे मात्र | रु. ५०,०००।- | रु. २५,०००।- |
| ३. | दुईपाङ्ग्रे र चारपाङ्ग्रे दुवै | रु. ७०,०००।- | रु. ३५,०००।- |

स्पष्टीकरणः आर्थिक ऐनमा यस प्रावधान सम्बन्धी छुट्टै व्यवस्था भएमा सोही बमोजिम हुनेछ।

अनुसूची - ३

(नियम ३ को उपनियम (३) तथा नियम २१ उपनियम (३) सँग सम्बन्धित)

**गण्डकी प्रदेश सरकार**

**.................................... मन्त्रालय**

.................................कार्यालय

**ईजाजत-पत्र**

दर्ता नं. दर्ता मितिः-

गण्डकी प्रदेश राईड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२ को नियम ३ को उपनियम (४) बमोजिम राईड सेयरिङ/सेल्फ ड्राइभ सेवा सञ्चालन गर्नको लागि यस मन्त्रालय/कार्यालयमा सेवा दर्ता गरी यो इजाजत पत्रको प्रमाणपत्र उपलब्ध गराईएको छ।

१. फर्म/कम्पनीको नाम :-

२. ठेगाना :-

३. फर्म/कम्पनीमा भएको दर्ता नं. :-

४. सेवाको किसिम :-

५. मालिक/साझेदार/संचालक/मुख्य व्यक्तिको नाम :-

६. सेवा प्रवाह गर्ने क्षेत्रः-

७. सवारी साधन सङ्ख्याः-

क. दुईपाङग्रे सवारी साधनः-

ख. चार पाङग्रे सवारी साधनः-

प्रमाणपत्र पाउनेको सहीः दर्ता गर्ने अधिकारीको सहीः

सेवा प्रदायकको छापः कार्यालयको छापः

**पुनश्चः-** सवारी साधनको सङ्ख्या हेरफेर भएमा तोकिएको समयभित्र यो ईजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ ।

अनुसूची - ४

(नियम १९ को उपनियम (४) र नियम २१ को उपनियम (२) र (७) सँग सम्बन्धित)

**राईड सेयरिङ, सेल्फ ड्राइभ सेवा प्रदायक कम्पनीले सवारी साधन दर्ता गरे वापत प्रति सवारी साधन प्रतिवर्ष यातायात व्यवस्था कार्यालयमा दाखिला गर्नु पर्ने सेवा शुल्क**

| क्र.सं. | सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम | वार्षिक सेवा शुल्क |
| --- | --- | --- |
| १. | दुईपाङ्ग्रे सवारी साधन | रु. ५,०००।- |
| २. | चारपाङ्ग्रे सवारी साधन | रु.२०,०००।- |

तर, सार्वजनिक सवारीको रुपमा दर्ता भएका सवारी साधनको हकमा माथि उल्लिखित शुल्कको पच्चीस प्रतिशत दर्ता शुल्क छुट दिई सवारी साधनको दर्ता गर्न सकिनेछ।

**स्पष्टीकरणः-** साथै आर्थिक ऐनमा यस प्रावधान समावेश भएमा सोही बमोजिम हुनेछ।

अनुसूची - ५

(नियम १९ को उपनियम (५) तथा नियम २१ को उपनियम (९) सँग सम्बन्धित)

**राईड सेयरिङ, सेल्फ ड्राइभ सेवामा आबद्ध हुने सवारी साधन धनीले दाखिला गर्नुपर्ने प्रति सवारी साधनको नवीकरण शुल्क**

| क्र.सं. | सेवाको लागि प्रयोग गर्ने सवारी साधनको किसिम | नवीकरण शुल्क |
|---|---|---|
| १. | दुईपाङ्ग्रे/चारपाङ्ग्रे सवारी साधन | सि.सि./वाट क्षमता अनुसारको नवीकरण शुल्क र सो बराबरको थप शुल्क |

**स्पष्टीकरणः**- आर्थिक ऐनमा राईड सेयरिङ/सेल्फड्राइभ सेवामा आबद्ध हुने सवारी धनीले प्रति सवारी प्रति वर्ष सवारी साधनको नवीकरण शुल्क छुट्टै तोकेको खण्डमा सोही बमोजिम हुनेछ ।

अनुसूची - ६

(नियम २१ को उपनियम (१२) सँग सम्बन्धित)

**सेल्फ ड्राइभ गर्ने व्यक्तिले भर्नपर्ने वैयक्तिक तथा सवारी साधनको विवरण फारम**

क्रम संख्याः .............                                    मितिः-..........................

(१) सेवा प्रदायकको नामः................................................

(२) सेवा प्रदायको ठेगानाः...............................................

(३) सेवा प्रदायको दर्ता प्रमाण पत्र नं.....................................

(४) सेल्फ ड्राईभ गर्ने व्यक्तिको नामः...................................

(५) सेल्फ ड्राईभ गर्ने व्यक्तिको ठेगानाः................................

(६) सेल्फ ड्राईभ गर्ने व्यक्तिको देशको नामः................................

(७) पासपोर्ट नं.........................................................................

(८) सेल्फ ड्राईभ गर्ने व्यक्तिको सवारी चालक अनुमतिपत्र नं............

(९) सेल्फ ड्राईभ गर्ने संभावित स्थानः..........................................

(१०) सेल्फ ड्राईभ मितिः .........................................................

(११) सेल्फ ड्राईभ समयः .........................दिन..........................

(१२) सेल्फ ड्राईभको शुल्कः......................................................

(१३) धरौटी रकमः..................................................................

(१४) सेल्फ ड्राईभ गर्ने व्यक्तिको परिचय पत्रको प्रतिलिपिः छ...छैन? ....

(१५) सवारी साधनको विवरणः-

(क) सवारी साधनको नम्बरः-

(ख) सवारी साधनको नामः-

(ग) सवारी साधन मोडेल

(घ) सवारी साधनको चेसिस नं.

(ङ) दुईपाङ्ग्रे सवारी वा चारपाङ्ग्रे सवारी साधनः-

.......................................          ..................................

सेल्फ ड्राईभ गर्ने व्यक्तिको दस्तखत          सेवा प्रदायकको सही र छाप

अनुसूची - ७
(नियम २२ सँग सम्बन्धित)

**सङ्केत/लोगो**

(१) दुईपाङ्ग्रे सवारी साधनको हकमा कालो रङ्गको पृष्ठभूमिमा १० सेन्टिमिटरको वृताकार सङ्केत/लोगो वा चिन्ह भित्र राईड सेयरिङको रातो रङ्गमा अङ्ग्रेजी अक्षर RS को ६ सेन्टिमिटर उचाई र एक सन्टिमिटर मोटाई राखी सेल्फड्राइभको रातो रङ्गमा अङ्ग्रेजी अक्षर SD जनाउनुपर्नेछ।

(२) चारपाङ्ग्रे सवारी साधानको हकमा कालो रङ्गको पृष्ठभूमिमा १५ सेन्टिमिटरको वृताकार सङ्केत/लोगो वा चिन्ह भित्र राईड सेयरिङको RS र सेल्फड्राइभको SD को उचाई ११ सन्टिमिटर र एक सेन्टिमिटरको मोटाई राखी जनाउनु पर्नेछ।

क. राईड सेयरिङ सेवाको हकमा

RS

ख. सेल्फड्राइभ सेवाको हकमा

SD

आज्ञाले,
ई. कमल कुमार अधिकारी
प्रदेश सरकारको सचिव ।

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.५०।-